जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक ३५ २०८२ साल भदौं १२ गते बिहीबार (28 Aug 2025 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : मुलुकी संहिता, कानुनको पालना.. ३ पृष्ठमा : तीजको आर्थिक र... ३ पृष्ठमा : भारतीय सामानमा दोब्बर ...

## भुमि समस्या समाधान आयोगले निस्सा बितरण र पूर्जा उपलब्ध गराउने प्रक्रिया बढायो




**दैनिक समाचारदाता**
**राजविराज, ११ भदौ ।**

भुमि समस्या समाधान आयोग सप्तरीले जिल्लाका बिभिन्न पालिकामा निस्सा बितरण र पुर्जा उपलब्ध गराउने प्रक्रियालाई द्रुत गतिमा अगाडि बढाएको छ ।

सप्तकोशी नगरपालिका र रुपनी गाउँपालिकामा काम अन्तिम चरणमा पुगिसकेको र यसै महिना भित्र जग्गाधनी पुर्जा वितरण तयारी भईरहेको आयोगका अध्यक्ष अखिलेश कुमार झाले जानकारी दिएका छन् ।

जिल्लाका १८ पालिकामध्ये सप्तकोशी, खडक, राजविराज, कञ्चनरुप, बोदेबरसाईन, डाक्नेश्वरी, सुरुङ्गा, हनुमाननगर कंकालिनी नगरपालिका र अग्निसाईर कृष्णासवरन, रुपनी, राजगढ, तिरहुत गाउँपालिका गरी १३ वटा पालिकामा करिब ७० प्रतिशत काम सकिएको र निस्सा वितरणको अन्तिम तयारीमा पुगेको उनको भनाई छ ।

यस्तै शम्भुनाथ नगरपालिका, तिलाठी कोईलाडी, छिन्नमस्ता, महदेवा र विष्णुपुर गाउँपालिका गरी बाँकी ५ पालिकामा भने काम शुरु गर्ने प्रक्रिया अगाडि बढाइरहेको अध्यक्ष झाको भनाइ छ ।

यस्तै खडक, सप्तकोशी नगरपालिका र अग्निसाईर कृष्णासवरन गाउँपालिकामा नापी कार्य चलिरहेको र दशैंसम्म सकाएर निस्सा बितरण सुरु गर्ने तयारी भइरहेको आयोगले जनाएको छ ।

आयोगका अनुसार सप्तरीमा अहिलेसम्म आर्थिक बर्ष २०८१/०८२ को जेठ महिना भित्र भुमिहिन दलित ५ हजार १७ जना, भुमिहिन सुकुम्बासी २ हजार ६८९ जना गरी १२ हजार ९८८ जनाले आयोगमा आवेदन दिएका छन् । त्यस्तै अव्यवस्थित बसोबास (अधुरो/अपुरो) का २४७ वटा आवेदन परेको छ ।

## जसपा नेपालका नेता दिपक यादवको निधन



**दैनिक समाचारदाता**
**राजविराज, ११ भदौ ।**

जनता समाजवादी पार्टी नेपालका नेता दिपक कुमार यादव (टुटु बाबु) को बुधबार निधन भएको छ ।

सप्तरीको महादेवा गाउँपालिका निवासी ७५ वर्षिय यादवको उपचारका क्रममा बिराटनगरमा निधन भएको परिवारजनले जनाएको छ ।

महादेवा गाउँपालिकाको निर्वतमान अध्यक्ष एवं जसपा नेपालको केन्द्रिय सल्लाहकार समितीका सदस्य समेत रहेका उनी केही समय यता अस्वस्थ भई उपचारका लागी विराटनगर पुगेका थिए । उनको निधनले जसपा नेपालमा एउटा इतिहास गुमेको र पार्टीलाई अपुरणिय क्षती पुगेको जसपा नेपालका केन्द्रीय सचिव शैलेन्द्र प्रसाद साहद्वारा जारी शोक विज्ञप्तीमा उल्लेख छ ।

उनको पार्थिक शरिर बुधवार नै गाउँमा ल्याइएको तथा घरमा धार्मिक संस्कार तथा अन्तिम श्रद्धाञ्जली लगायतका कार्यक्रम सकाएर बिहीवार अन्त्येष्ठि कार्यक्रम गरिने छोरा अभिनवले जानकारी दिए ।

बुधवार नै जसपा नेपाल सप्तरीका अध्यक्ष केदार प्रसाद यादवले पनि शोक वक्तब्य जारी गर्दै यादवको निधनले पार्टीले एउटा अभिभावक गुमाएको जनाएको छ ।

## अशक्त तथा अस्पताल भर्ना रहेका जेष्ठ नागरिकलाई परिचयपत्र नविकरण



**दैनिक समाचारदाता**
**राजविराज, ११ भदौ ।**

अशक्त तथा बिरामी भई अस्पतालमा उपचार गराईरहेका जेष्ठ नागरिकहरुलाई सााजिक सुरक्षा भत्ता कार्ड नविकरण गरिएको छ ।

सामाजिक सुरक्षा भत्ता कार्ड नविकरण कार्य सजिलो होस भन्ने उदेश्यले राजविराज नगरपालिकाले थालेको घरघर मै पुगेर परियचपत्र नविकरण गर्ने कार्यलाई बुधवार पनि निरन्तरता दिएको हो ।

बुधवार कार्यवाहक नगर प्रमुख इसरत परवीनको नेतृत्वमा बुधवार पुगेको टोलीले स्थानीय छिन्नमस्ता अस्पतालमा उपचारार्थ भर्ना भएका राजबिराज ७ का ८५ बर्षिय हरिनारायण लाल देवलाई अस्पतालको बेडबाटै समाजिक सुरक्षा भत्ता परिचय पत्र नविकरण गरिदिएको हो ।

नविकरणका लागी आवश्यक पर्ने आवेदन फारम नगरपालिका कार्यालयमा दर्ता रहेको समाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको सुचि, ल्यापटम लगायतका समाग्री साथ मै लिएर नगरपालिका कार्यालयका कर्मचारी सहितको टोली अस्पताल पुगेको थियो ।

खुट्टाको शल्यक्रिया भएको कारण देवलाई लामो समयसम्म अस्पतालमा बस्नु पर्ने चिकित्सकको सल्लाहका कारण भत्ताको परिचय पत्र नविकरण गर्न पाईरहेका थिएनन् ।

सामाजिक सुरक्षा भत्ता नियमावली अनुसार लाभग्राहीले भदौ मसान्तसम्म स्वयम नगरपालिका वा बडा कार्यालयमा पुगेर परिचयपत्र नबिकरण गर्नू पर्ने प्राबधान छ। तर गत बर्ष केही जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ती तथा अस्पतालमा उपचारकालागी भर्ना भएकाहरु

*बाँकी अन्तिम पृष्ठमा*

## इम्बोस्ड नम्बर प्लेट जडान नगर्दा कुनै कारवाही हुँदैन : विभाग

काठमाडौँ, ११ भदौ (रासस) ।

यातायात व्यवस्था विभागले इम्बोस्ड नम्बर प्लेट जडान नगरेको खण्डमा जरिवाना वा कारवाहीमा परिने भनी गरिएका प्रचारमा सत्यता नभएको स्पष्ट पारेको छ ।

विभिन्न सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा आगामी असोज १ गतेदेखि इम्बोस्ड नम्बर प्लेट वडान नगर्ने सवारीधनी कारवाहीमा पर्ने तथा जेल जानुपर्ने भनी भएको प्रचारमा सत्यता नभएको विभागले प्रेस विज्ञप्तिमार्फत जानकारी गराएको छ ।

विभागले तत्काललाई कुनै पनि प्रकारको दण्ड जरिवाना नगरिने र आफू अनुकूल सवारी दर्ता गरेको यातायात कार्यालयमा गई स्वःस्फूर्त ढङ्गले इम्बोस्ड नम्बर प्लेट जडान गरी डिजिटाइजेन कार्यमा सहयोग गर्न अनुरोध गरेको छ ।

विभाग एवम् प्रदेश कार्यालयबाट जडान सहजताका लागि उक्त स्थानमा पूर्वाधार र जनशक्तिको व्यवस्था गरिएको र सेवाग्राही तथा सवारीसाधनको सहजताका लागि आवश्यकताअनुसार थप प्रबन्ध गरिएको जानकारी दिएको छ ।

इम्बोस्ड नम्बर प्लेटमा प्रयोग हुने भाषाका सम्बन्धमा सर्वोच्च अदालतको संवैधानिक इजलासबाट सम्झौतामा उल्लेख भए बमोजिम अंग्रेजी लिपी प्रयोगमा कुनै संवैधानिक र कानुनी त्रुटी नदेखिएको भनी फैसला भएको स्पष्ट पारेको छ ।

हैजाका लक्षण र बच्ने उपाय

लक्षणः
- बारम्बार पानीजस्तो पातलो पखाला लाग्ने,
- बारम्बार बान्ता हुने,
- शरीर कमजोर हुने, आँखा भासिने,
- शरीरमा पानीको कमी भई अत्यधिक पानी तिर्खा लाग्ने,
- मुख र छाला सुख्खा हुने,
- कमजोरी र थकान महशुस हुने,
- चक्कर लाग्ने वा होश हराउने,
- कम रक्तचाप र छिटो नाडी चल्ने ।

बच्ने उपायहरूः
- पानी उमालेर वा फिल्टर गरेर पिउने,
- खाना पकाउँदा र खाँदा साबुनपानीले हात धुने,
- खुला रुपमा राखिएको खाना नखाने,
- जथाभावी दिशापिसाव नगर्ने र शौचालय सफा राखे,
- खानेकुरा राम्रोसँग पखालेर खाने,
- झोलिलो खाना र प्रशस्त पानी पिउने,
- लक्षण देखिएमा नजिकको स्वास्थ्य संस्थामा जाने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

